# नेपालका केही भैरव नाचहरू

*- डा. मोतीलाल पराजुली*

नेपालका विभिन्न ठाउँहरूमा भैरव रूपाकृतिका भैरवगणहरूलाई नचाउने सामूहिक तान्त्रिक नृत्य भैरव नाच हो । यसमा अति मानवीय चरित्रहरूलाई तान्त्रिक विधि, लोकसङ्गीत र भजनहरू प्रयोग गरेर नचाउने परम्परा छ । खासगरी नेवार जाति रहेका ठाउँमा यस नाचको प्रचलन बढी हुन्छ । यो नृत्य पौराणिक तान्त्रिक विधानको संयुक्त रूप हो । भगवान् शिवका १०० अवतारहरूमध्ये रौद्ररूप मानिने भैरव रूपको वेशभूषा र ताण्डव शैलीको नृत्य यसमा रहन्छ । गाउँलाई अनिष्टबाट बचाउन, मानिसमा आउने रोगव्याधि हटाउन, प्रकृति प्रकोपलाई शान्त गर्न तथा मुक्ति प्राप्त गर्न भैरव नाच नचाउने प्रचलन पाइन्छ ।

संस्कृत व्याकरण अनुसार भीरु शब्दमा 'अण्' प्रत्यय लगाएपछि 'भैरव' शब्द निर्मित हुन्छ । यसको अर्थ हो- भयानक रूप । शिव महापुराणमा भैरव शब्दको अर्थ यसरी गरिएको छ-

विश्वभर्तुसमर्थो कसि भीषणाद्भैरवः स्मृतः ।
त्वत्तोभेष्यति कालोकपि ततस्त्वं कालभैरव : ॥ ३।८।४७२।

(विश्वलाई पालन गर्न समर्थ भयङ्कर रूपलाई भैरव भनिन्छ । जसबाट काल पनि डराउँदछ, त्यसलाई काल भैरव भनिन्छ ।)

'विज्ञान भैरव' भन्ने पुस्तकमा ईश्वरीय सूक्ष्म तत्वका रूपमा भैरवलाई चित्रण गरिएको छ । -'भा+ऐ+रवः भैरव : ।' भाःभयात् संवितप्रकाशरूपया, ऐंः ऐंकारक्रियाशक्तिमान् महेश्वरः, सर्व रवयति विमृशतीति भैरवः । (प्रकाशरूप क्रियाशक्तिमान् महेश्वर, जसले संसारलाई ध्वन्यमान गराउँदछ, वा प्रकाश रूप ध्वनिलाई चिनाउने महेश्वरको क्रियाशक्तिमान् रूपलाई भैरव भनिन्छ ।)

'भयासर्व रवयति सर्वदा व्यापकोकखिलम् ।
इति भैरव शब्दस्य सन्ततोच्चारणारणाच्छिवः ॥'

विज्ञान भैरव- १२७। (प्रकाश रूपमा व्याप्त शक्तिलाई ग्रहण गर्ने शब्दरूप शिवलाई भैरव भनिन्छ । यस शब्दको उच्चारणले कल्याण प्राप्ति हुन्छ ।

यसरी भैरव शब्दको विभिन्न व्युत्पत्ति र अर्थ गरिएको छ । वास्तवमा डरलाग्दो रौद्रस्वरूप भएको शिवको एक अवतार भैरव रूप हो । पौराणिक विश्वासअनुसार शिवजीको सम्पूर्ण शक्तिको विकराल रौद्रावतार नै भैरव रूप हो र यो रूप शिवजीका १०० अवतारभित्र पर्दछ ।

**भैरवको उत्पत्ति**

भैरवको उत्पत्तिका बारेमा शिव महापुराणको शतरूद्र संहिताको ८ र ९ अध्यायमा यस्तो कथा पाइन्छ-

एकदिन पञ्चमुखी ब्रह्मा र विष्णु एकान्तमा बसेर कुराकानी गरिरहेका थिए । ब्रह्माले संसारको सृष्टिकर्ता र पालनकर्ता आफू नै भएको कुरा बखान गर्दै शिवजीको निन्दा गरिरहेका थिए । त्यसै समयमा आकाशबाट एउटा तेजपुञ्च आएर ब्रह्मा, विष्णुका बीचमा अडियो र त्यो तेजपुञ्च विकराल रौद्ररूप लिएको भैरवका रूपमा परिवर्तन भयो । शिवनिन्दा गरिरहेको ब्रह्माले भैरवरूपलाई देखेपछि त्यस रूपको खिल्ली उडाएर हाँसे । आफूलाई निन्दा गरेको भैरवरूप शिवलाई राम्रो लागेन । त्यसैले देब्रे हातका बुढीऔंलाका नङ्ले भैरवले ब्रह्माजीको पाँचौं मुख (टाउको) काटिदिए । क्रोधरूपमा रहेका भैरवरूप शिवजीलाई विष्णुले सम्झाएर ब्रह्माहत्या

गरेकोमा त्यसबाट मुक्ति पाउन कपालब्रत गर्ने सल्लाह दिए। भैरवले त्यही ब्रह्माको पाँचौ टाउकोलाई कपाल (भिक्षापात्र) बनाएर कपालब्रत गर्दै तीर्थाटन गर्नलागे। काशीमा पुगेपछि भैरवका हातको कपाल (खप्पर) जमिनमा खस्यो र त्यहीं विलीन भयो, भैरव ब्रह्महत्याको दोषबाट मुक्त भए। यसै खुशियालीमा भैरव उन्मुक्त रूपमा नाच्न थाले। त्यही उन्मुक्त नृत्य नै भैरव नृत्यको प्रारम्भिक प्रदर्शन हो। यिनै भैरवको शक्ति स्वरूपलाई देखेर काशीमा कपाल भैरवको स्थापना गरियो। ब्रह्महत्या वा हत्या गरेका मानिसहरूले कपाल भैरवको दर्शन गरेमा पापबाट मुक्त होइन्छ भन्ने पौराणिक विश्वास रहेको छ। भैरवको उत्पति मार्गशुक्लअष्टमीमा भएको हुनाले यस दिन भैरवको विशेष पूजा गर्ने प्रचलन पाइन्छ।

विभिन्न ठाउँमा व्याख्यान गरिएअनुसार भैरवका धेरै रूपहरू छन्। तीमध्ये अष्टभैरव मुख्य मानिन्छन्। अष्टभैरव र अष्टमीभैरवीका नाम निम्नानुसार छन्-

अष्टभैरव अष्टभैरवी

१. कालभैरव १. भैरवी

२. चण्डभैरव २. सिंहभैरवी

३. रुरुभैरव ३. महाभैरवी

४. असिताङ्गभैरव४. धुम्रभैरवी

५. कपालभैरव (बटुकभैरव) ५. वशीकरणभैरवी

६. उन्मत्तभैरव ६. उन्मत्तभैरवी

७. भीषणभैरव ७. भीमभैरवी

८. संहारभैरव ८. मोहनभैरवी

यी आठ भैरवरूपहरू शिवजीका रूप र आठ भैरवीहरू शक्तिका रूप मानिन्छन्। सिद्धिदायक, दण्डदायक, उग्र तथा पूर्ण भैरवको रूप काल भैरव हो। सम्पूर्ण सिद्धिका निम्ति कालभैरवको आराधना गरिन्छ। चण्डभैरव भैरवको उग्र रूप हो। लडाइँ तथा सैन्य क्षेत्रमा चण्डभैरवको आराधना गरिन्छ। गोठ, गाईवस्तुको वृद्धि गराउने हेतुले रुरुभैरवको आराधना गरिन्छ। असिताङ्गभैरव कालभैरव र चण्डभैरवको मिश्रित रूप मानिएको छ। सन्तति प्राप्ति र वंश वृद्धिका निम्ति उन्मत्तभैरव, वशीकरण तथा तन्त्र साधनाका निम्ति कपालभैरव, टुना-मोहनी आदिका निम्ति भीषणभैरव तथा मृत्यु संहारका निम्ति संहारभैरवको उपासना गरिन्छ। यसरी भैरव अवतारका मूल आठ स्वरूपहरू रहेको जनविश्वास छ।

नवौं शताब्दीदेखि सोह्रौं शताब्दीसम्म भारतीय उप-महाद्वीपमा तन्त्रशास्त्रको ठूलो प्रभाव रहेको थियो। विभिन्न तान्त्रिकहरुले तन्त्रका माध्यमद्वारा भैरव देवतालाई जगाएर सिद्धिप्राप्त गरेको वर्णन पाइन्छ। नेपालमा पाइने धेरै तन्त्रमन्त्रहरूमा भैरवको नाम अग्रपङ्क्तिमा छ। यसबाट यो सिद्ध हुन्छ कि भैरवको शक्तिलाई तान्त्रिकहरूले उपयोग गरे र त्यसको प्रभाव हाम्रो समाजमा अझै पनि रहेको छ।

**भैरव नाचको प्रचलन**

नेपालमा भैरवको उपासना गर्ने क्रम निकै पुरानो रहेको छ। विक्रमको नवौं-दशौंशताब्दीमा मत्सेन्द्रनाथ र गोरखनाथका समयदेखि नै भैरवको तान्त्रिक अस्तित्व नेपालमा स्थापित थियो। प्रायः तान्त्रिक मन्त्रहरूमा भैरवको

नाम लिने परम्पराले यस तथ्यलाई पुष्टि गर्दछ । प्रायः शिवमन्दिर, देवीका मन्दिरहरूमा भैरवको स्थान पनि रहनु भैरवको प्राचीनताको द्योतक हो । पशुपति मन्दिरको दक्षिणपट्टि रहेको उन्मत्त भैरवको मूर्ति र कालिका आदि देवीका मन्दिर परिसरमा रहेका भैरव मूर्तिहरूले यस कुराको पुष्टि गर्दछन् । वि.सं. १६४७ मा काठमाडौं उपत्यकाका राजा जयस्थिति मल्लका छोरा जयधर्म मल्लको विवाहमा भैरवानन्द नाटक प्रदर्शन गरिएको थियो । नेपालमा नृत्य-नाट्यका रूपमा भैरवलाई उपयोग गरिएको यो नै प्रथम अवसर हो भन्न सकिन्छ । वि.सं. १७७९-८० मा भादगाउँका राजा रणजीत मल्लले कालभैरवलाई जगाएर भैरव नाच प्रारम्भ गरेका थिए । यो नाच तन्त्रसँग सम्बन्धित भएको हुनाले भैरवलाई जगाउन कुशल तान्त्रिकहरूलाई उपयोग गरिएको थियो । कुनै अनिष्ट भएमा शान्ति गर्न, प्रकृति प्रकोपबाट मुक्ति पाउन र माक्षा प्राप्ति गर्न भैरव नाच नचाउने प्रचलन चलेको हो । यिनै रणजीत मल्लले भादगाउँमा भैरव नाच देखाउन प्रारम्भ गरेपछि नेपालका विभिन्न ठाउँमा यो नाच देखाउन थालियो । यस क्रममा भक्तपुर, पाटन, काठमाडौं, दोलखा, पोखरा आदि स्थानमा यो नाच प्रदर्शन हुन थाल्यो र आजसम्म पनि यो क्रम यथावत् रहेको छ । रणजीत मल्लले प्रारम्भ गरेका भैरव नाचका अतिरिक्त आकाशभैरवको नाच र पचलीभैरवको नाच पनि अस्तित्वमा छन् । यी नाचहरू पनि यसै परम्पराका उपलब्धि हुन् भन्ने विद्वान्हरूको भनाइ छ ।

### नेपालका केही भैरव नाचहरू

अहिलेसम्म प्राप्त प्रचलन अनुसार नेपालमा भैरव नाच गराउने मूल थलो भक्तपुर हो । भक्तपुरका राजा रणजीत मल्लले तान्त्रिक विधिअनुसार भैरवलाई जगाएर भैरव नाच निकाल्ने परम्परा बसालेका थिए । आज नेपालका अधिकांश भागमा देखाइने भैरव नाचको शैली र नृत्य प्रयोग यसै शैलीमा आधारित छ ।

### आकाशभैरवको नाच

प्रत्येक १२ वर्षमा काठमाडौंको हलचोकमा आकाशभैरवको नाच निकाल्ने परम्परा रहेको छ । यसमा आकाशभैरवको मुखुण्डो पहिरेका नर्तकहरूले परम्परित अतिमानवीय वेशभूषामा नृत्य गर्ने गर्दछन् । यो तान्त्रिक नृत्य हो । निश्चित तन्त्रविधि र भैरव बलि दिएर मात्र यो नाच निकाल्ने परम्परा रहेको छ ।
आकाशभैरवका सम्बन्धमा एउटा लोकअनुश्रुति पनि पाइन्छ-

“किराती राजा यलम्बर महाभारतको लडाइँमा जसले हार्छ, उसैका पक्षबाट लड्ने निधो गरी ४ अक्षौहिणी सेना साथमा लिएर कुरुक्षेत्रमा गएका थिए । शिवभक्त शक्तिशाली यलम्बरको कुरा बुझेका श्रीकृष्णले उनीसँग छल गरी उनको टाउको काटिदिए र महाभारतको युद्ध हेर्न एउटा अग्लो रुखमा टाउको राखिदिए । महाभारतको युद्धपछि त्यो टाउको काठमाडौंको इन्द्रचोकमा आइखस्यो । त्यसलाई आकाशभैरवका रूपमा पूजा गर्न थालियो । पछि यसै उत्सवमा भैरव जगाएर उनको गण सहितको सामूहिक नृत्य थालियो । यो नै आकाश भैरवको नृत्य हो । झगडियाहरूले आकाशभैरवको पूजा-नृत्य गरेमा मुद्दा जितिन्छ भन्ने विश्वास राख्दछन् ।

### पचलीभैरवको नाच

काठमाडौंको टेकुमा रहेको पचलीभैरवको पूजा-आराधना गरेर, हरेक १२ वर्षमा एकचोटि पचलीभैरवको नाच देखाउने परम्परा रहेको छ । यसमा पनि भैरव गण नाच्ने प्रचलन छ । परम्परित  तथा अतिमानवीय वेशभूषामा परम्परागत वाद्यसहित नाचिने यो नृत्य तान्त्रिक विधि पूरा गरेर मात्र नचाइन्छ ।

### भैरौं नाच

नेपालको सुदूर पश्चिमाञ्चलमा भैरौं नाचको प्रचलन थियो । यो क्रम हिजोआज टुटिसकेको छ । भारतको गढवाल क्षेत्रमा अझै पनि अष्टभैरव र अष्टभैरवीहरूको सामूहिक नाच निकाल्ने परम्परा रहेको छ ।

### पोखराको भैरव नाच

वि.सं. १८२८ सालमा पृथ्वीनारायण शाहले भक्तपुरलाई आफ्नो अधीनमा लिएपछि भक्तपुरका पराजीत राजा रणजीत मल्ल त्यसैवर्ष नुवाकोट हुँदै पोखरामा आएका थिए। उनले भैरवका मूल सामग्री पनि साथमा नै ल्याएका थिए। उनले यसै वर्ष पोखरामा पनि भैरव नाच जगाए र नृत्य गरे। त्यस कार्यको अभिभारा पोखरेली नेवारहरूलाई सुम्पेर आफू काशी गए। त्यहींदेखि पोखरामा भैरव नाचको प्रचलन चलेको हो भन्ने स्थानीय बूढापाकाहरूको भनाइ छ। प्रारम्भमा भैरव जगाएको र मन्दिर बनाएको ठाउँलाई अहिले भैरव टोल भनिन्छ।

हरेक वर्ष घण्टाकर्ण चतुर्दशीका दिन तान्त्रिक विधिअनुसार नाथेश्वर (भैरव)को पूजा गरिन्छ। प्रत्येक १२ वर्षमा उकचोटि भैरव नाच निकालिन्छ। अहिले यो नाच ६/६ वर्षमा निकाल्ने प्रचलन रहेको छ। नाच निकाल्ने वर्षको वार्षिक पूजा गरेपछि त्यसै दिन नाच निकाल्ने दिन निर्णय गरिन्छ। जनै पूर्णिमाको भोलिपल्ट गाईजात्राका दिन भैरवका मुकुट, कपडा, बाजा आदिको पूजा गरी रङ्गरोगन तथा मर्मतसम्भार गरिन्छ र नाट्य मण्डलीलाई तालिम-निर्देशन दिने काम हुन्छ। तीजका दिन प्रथमपटक नाच निकालिन्छ र त्यस वर्षको नाच पूरा भएपछि तान्त्रिक विधिअनुसार पूजा गरेर भैरव नाच थन्क्याउने प्रचलन छ। यस नाचमा १२ नर्तक, ८ गायक, ८ वादक, एक निर्देशक र अन्य सहयोगीहरू गरी ६० जनाको आवश्यकता पर्दछ। नाच निकाल्ने दिनमा भैरवको पूजा गरी नाच प्रदर्शन गर्ने स्थलमा नृत्य प्रदर्शन सूचक पाल (चँदुवा) टाँग्ने प्रचलन छ। त्यसै स्थानमा रातभरि भैरव नाच नाचिन्छ।

### भैरव नाचको कथा

शिव महापुराणमा उल्लेख भएको भैरवको उत्पत्तिसम्बन्धी कथा माथि नै प्रस्तुत गरिसकियो। पोखराको भैरव नाच पौराणिक अस्तित्व बोकेका पात्रको शक्ति र चरित्रमा मात्र केन्द्रित छ। यसमा कथानक छैन। नेवारी भाषामा रचना गरिएका १९ श्लोकहरूमा भैरव गणको चरित्र र आस्थामा आधारित भजनहरू यसमा गाउने प्रचलन छ। नाचको अन्तमा शान्ति आरती भजनमा तत्कालीन गद्दीनसिन राजाको मङ्गल कामना गरिन्छ।

### भैरव नाचका पात्रहरूको परिचय

पुराणमा उल्लेख भएका आठ भैरव र आठ भैरवीभन्दा नेपालमा देखाइने भैरव नाचमा सामेल हुने भैरव गण छुट्टै छन्। आकाश भैरवको नाच, पचलीभैरवको नाच र रणजीत मल्लले तयार गरेको भैरव नाचमा सामेल हुने पात्रहरूको नाम, वेशभूषा, र नृत्य फरकफरक पाइन्छ। पोखरामा देखाइने भैरव नाचमा १२ पात्रहरू सामेल हुन्छन्। यी १२ पात्रहरूमध्ये दुई पात्र काल भैरव र बुढी भैरव गणका मूल पात्र हुन्। अन्य पात्रहरू स्थानीय तान्त्रिकका विश्वासका आधारमा तयार गरिएको हुनसक्तछ। यस नाचमा ६ पुरुष भैरव र ६ भैरवीहरू हुन्छन्।

### भैरव नाचको दृश्य विधान र भजन गीत

सामान्यतः लोकनाचहरूमा औपचारिक अङ्क-दृश्यहरूको विभाजन हुँदैन। अनौपचारिक तवरमा नै भए पनि भैरव नाच सात दृश्यमा विभाजित छ। नाचमा ती दृश्यहरू प्रस्तुत गरिन्छ।

### भैरव नाचको शैली

भैरव नाच मूलतः ताण्डव शैलीमा नाचिन्छ। तर यसमा प्रयोग हुने राग, ताल, लय र अङ्ग मुद्राका प्रयोगलाई हेर्दा यो शास्त्रीय नृत्य जस्तै हुन्छ। अतः यसलाई लोकशास्त्रीय ताण्डव शैलीको नृत्य मान्न सकिन्छ। पूर्वीय नाट्यशास्त्र अनुसार भैरव नाच 'भाण' उपरूपकभित्र पर्दछ। विष्णु, रुद्र, भवानी आदिको स्तुतिगान गरिएको नारीपात्र वर्जित ताण्डव शैलीको नाच 'भाण' उपरूपक हो। यस नाचमा यी सबै विशेषताहरू पाइन्छन्। यसमा अतिमानवीय रूपाकृति भएका पात्रहरू नृत्य गर्दछन् र विभिन्न प्रवृत्ति द्योतक पात्र (टाइप क्यारेक्टर)हरूको यसमा प्रयोग हुन्छ। नेपाली जनमानसले आदिम समयदेखि विश्वास राख्तै आएका आदिम भावनासँग यसका पात्रहरूको सम्बन्ध रहेको छ। अतः अनिमानवीय विश्वासमा आधारित लोकशास्त्रीय ताण्डव नृत्यका रूपमा यस नाचलाई लिन सकिन्छ।

भैरव नाच धार्मिक भावनामा आधारित नृत्य हो । यसमा अतिमानवीय शक्तिको उपासना गर्ने भावना निहित छ । प्रायः गाउँघरमा आइपर्ने अनिष्ट निवारण गर्नु, रोगव्याधीबाट जनमानसलाई मुक्त गर्नु र मुक्तिको कामना गर्नु आदि उद्देश्यबाट यो नृत्य अभिप्रेरित छ । खासगरी तान्त्रिकहरूका इष्टदेवताका रूपमा भैरव रहेका र भैरवलाई खुशी पार्ने सन्दर्भमा यस नाचको परम्परा रहेको अनुभव हुन्छ । ग्रामीण जनतालाई मनोरञ्जन प्रदान गर्नु पनि यस नाचको मूल अभीष्ट हो । नेपालमा प्रस्तुत हुने अतिमानवीय शक्तियुक्त नाचहरूमा यसको अग्रणी स्थान रहेको छ ।

**भैरवसँग सम्बन्धित केही अनुश्रुतिहरू**

एक किम्बदन्ती अनुसार किराती राजा यलम्बर महाभारतको लडाइँमा जसले हार्छ, उसैका पक्षबाट लड्ने निधो गरी ४ अक्षौहिणी सेना साथमा लिएर कुरुक्षेत्रमा गएका थिए । शिवभक्त शक्तिशाली यलम्बरको कुरा बुझेका श्रीकृष्णले उनीसँग छल गरी उनको टाउको काटिदिए र महाभारतको युद्ध हेर्ने एउटा अग्लो रुखमा टाउको राखिदिए । महाभारतको युद्धपछि त्यो टाउको काठमाडौंको इन्द्रचोकमा आई खस्यो । त्यसलाई आकाश भैरव रूपमा पूजा गर्न थालियो । झगडियाहरूले आकाश भैरवको पूजा गरेमा मुद्दा जितिन्छ भन्ने विश्वास अद्यापि कायमै छ ।

काशीमा देहत्याग गर्नेको आत्मा परमात्मामा लीन हुन्छ भन्ने भावनाले स्वच्छ मानवलाई विभिन्न यातना दिई मार्ने प्रचलन थियो । यस यातनालाई भैरव यातना भनिन्थ्यो ।

पहाडी गाउँमा भैरवलाई ग्रामरक्षक देवता मान्ने गरिन्छ । त्यसैले हरेक गाउँमाथि भैरवको स्थान राख्ने प्रचलन छ ।

एक अनुश्रुति अनुसार पृथ्वीको सृष्टिपछि मानवको सृष्टि गर्न देवताहरूले ब्रह्माजीसँग अनुरोध गरे । तर ब्रह्माले सृष्टि गर्न सकेनन् । शिव (पुरुष) र शक्ति (प्रकृति)को मिलन नभई सृष्टि हुँदैनथ्यो । यो शक्ति शिव-शक्तिसँग मात्र थियो । त्यसैले ब्रह्माजीले शिवशक्तिसँग सृष्टि गर्न अनुरोध गरे । शक्तिस्वरूप देवी पृथ्वीमा निर्वाङ्ग भई लडिन्, शिवले उन्मत्त भैरवको रूप लिएर शक्तिमाथि स्पर्श गरे । त्यहींबाट सृष्टि प्रारम्भ भयो । यिनै सृष्टिकर्ता उन्मत्त भैरव पशुपतिको दक्षिणपट्टि बसे । त्यसैले निःसन्तान हुनेहरूले यिनै उन्मत्त रूपको दर्शन गरी लिङ्ग पूजा गरेमा सन्तान हुन्छन् भन्ने धार्मिक विश्वास रहेको छ ।

हनुमान ढोकामा रहेको कालभैरवको मूर्तिलाई छोएर शपथ खाएमा वा साक्षी बकेमा झुटो बोल्ने मानिसले रगत छादेर मर्दछ भनी मल्लकाल र राणाकालमा राजकर्मचारी र झगडियाहरूलाई कालभैरवको मूर्ति अगाडि शपथ ख्वाउने प्रचलन थियो ।

नेपालका अधिकांश लामा र तान्त्रिकहरूले मन्त्रका पुछारमा भैरवको पुकारा गर्दछन् । भैरवशक्तिबाट तन्त्रशक्ति पूरा हुने आशा राख्दछन् ।